# राजपुर साप्ताहिक

वर्ष १ अङ्क १२ २०८० पौष १३ शुक्रबार






## सम्पादकीय

अहिले पनि देशका ग्रामिण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच सहज छैन । वर्षेनी स्वास्थ्य उपचार नपाएकै कारण कैयौंले ज्यान गुमाउने गरेका छन् । देशका भौगोलिक रुपमा विकट क्षेत्रको अवस्था भयावह रहेको सबैलाई अबगत नै छ । हरेक मानिसले आधारभूत स्वास्थ्य सेवा पाउनुपर्छ । तर गरिब र निमुखाका लागि सहज स्वास्थ्य सेवा पाउन नसकेको गुनासो हामिले सुन्दै र भोग्दै आएका छौ ।

स्वास्थ्य सेवा पाउनु हरेक नागरिकको संविधान प्रदत्त अधिकार पनि हो । हाम्रो जस्तो विकासउन्मुख देशमा स्वास्थ्य क्षेत्र प्राथमिकतामा परेपछि कार्यान्वन पक्ष निकै जटिल छ । ग्रामिण क्षेत्रमा स्वास्थ्य चौकी नै नहुने र भएपनि चिकित्सक नहुने समस्या नौलो होईन । यो गम्भिर समस्याका रुपमा रहेको छ । यसको लागि सरकार गम्भिर हुनु आवश्यक छ ।

ग्रामिण क्षेत्र भन्दा शहरी क्षेत्रमा स्वास्थ्यको पहुँच केही सहज छ । तर निकै मंहगो छ । स्वास्थ्य उपचारको लागि अहिले पनि ग्रामिण क्षेत्रबाट सहर केन्द्रीत क्षेत्रमा आउनु पर्ने बाध्यताको अन्त्य हुन सकिरहेको छैन । स्वास्थ्य क्षेत्रको सुधारको लागि विभिन्न कार्यक्रम समेत लागु छन् ।

जनताको घर र घर र दैलो दैलोमा । स्वास्थ्य क्षेत्रमा सुधार आवश्यक रहदै आएको छ ।


प्रकाशक

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# विपद व्यवस्थापन समितिको बैठक सम्पन्न, अवैध उत्खनन रोक्न समन्वय गरिने



विपद् व्यवस्थापन समितिको बैठक

❖ **शिव राज खनाल**

राजपुर गाउँपालिका विपद व्यवस्थापन समितिको नियमित बैठक शुक्रबार सम्पन्न भएको छ ।

गाउँपालिका अध्यक्ष शरद कुमार बुढाथोकीको अध्यक्षतामा बसेको बैठकले ३ वटा प्रस्तावहरुमा छलफल गरि निर्णय गरेको गरेको छ । जसमा पहिलो प्रस्ताव गाउँपालिका अन्तरगतका विभिन्न नदी तथा घाटहरुबाट रातिको समयमा नदीजन्य पदार्थको अवैध रुपमा उत्खनन भई रहेको पाइएको हुँदा उक्त उत्खनन नियन्त्रणका लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने भनि निर्णय भएको छ ।

त्यस्तै दोस्रोमा निर्णयमा विपद व्यवस्थापन शिर्षकबाट कार्य सम्पन्न भई भुक्तानीका लागि पेश भएका विपदसंग सम्बन्धि योजनाहरुको भुक्तानीका लागि गाउँपालिकामा सिफारिस गर्ने निर्णय भएको छ । यस्तै तेस्रो निर्णय शंकर माध्यमिक विद्यालय खरदरियाको लागि वडा नम्बर ३ को सिफारिस अनुसार विद्यालय परिसर भित्र विद्यालय भवन तथा विद्यार्थीहरुलाई क्षति पुऱ्याउने तथा दुर्घटना निम्त्याउन सक्ने सुकेका वा ढलेका रुखहरु कटान तथा व्यवस्थापनका लागि डिभिजन वन कार्यालय लमहीमा सिफारिस गर्ने निर्णय भएको गाउँपालिका सूचना अधिकारी शरद रेग्मीले जानकारी दिनु भयो ।

बैठकमा राजपुर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत बिष्णु प्रसाद पाण्डे,वडा नम्बर १ का वडा अध्यक्ष सुर्य चौधरी,वडा नम्बर ३ का वडा अध्यक्ष रामप्रसाद अहिर,४ का वडा अध्यक्ष रामेश्वर यादव,वडा नम्बर ५ का अध्यक्ष टंक बहादुर बिष्ट,वडा नम्बर ६ का वडा अध्यक्ष तथा पालिका प्रवक्ता श्याम बहादुर रोका, वडा नम्बर ७ का वडा अध्यक्ष पुष्कर वली, कार्यपालिका सदस्य दिलमती वली, सदस्य नरेन्द्र सिंह भण्डारी, भोगेन्द्र सिंह राजपुत,

राजकुमार यादव लगायतको उपस्थिति रहेको थियो।



त्यसैगरी बैठकमा घर बनाउन र विभिन्न प्रयोजनका लागि उपभोक्ताले नदीजन्य पदार्थ गिट्टी,बालुवा सम्बन्धित सिफारिस मागेको खण्डमा सिफारिस दिँदा आवस्यक भन्दा अनावश्यक रुपमा नदिन वडा अध्यक्षहरुलाई गाउँपलिका अध्यक्ष शरद कुमार बुढाथोकीले आग्रह गर्नु भएको छ ।

# नयाँ पाठ्यक्रम सामग्री सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न



देउखुरीको राजपुर गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि कक्षा ५, ८ र १० को नयाँ पाठ्यक्रम सामग्री सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रम शुक्रबार सम्पन्न भएको छ ।

शिक्षा विकास तथा समन्वय ईकाई दाङको आयोजना तथा राजपुर गाउँपालिकाको समन्वयमा संचालन भएको २ दिन पाठ्यक्रम तालिममा ५ वटा विषयका प्रशिक्षकहरुले करिब ५२ जना शिक्षकहरुलाई छुट्टाछुट्टै तालिम दिइएको थियो ।

त्यस्तै उक्त तालिमको प्रशिक्षकमा अंग्रेजी विषयका लिलाधर बि.क,नेपाली विषयका नागेन्द्र यादव, समाजिक विषयका अशोक यादव,विज्ञान विषयका मान बहादुर के.सी,गणित विषयका भिमकान्त यादव रहनु भएको थियो ।

रात्रि प्राथमिक विद्यालय गंगदीका प्रधानाध्यापक रेशम बहादुर नेपालीको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष शरद कुमार बुढाथोकीको प्रमुख आथित्यतामा समापन भएको कार्यक्रममा अध्यक्ष बुढाथोकीले तालिममा सिकेका कुरा विद्यालयमा गएर कार्यान्वयन गर्न र विद्यार्थीहरुको सिकाई उपलब्धि वृद्धि गर्न सम्पूर्ण शिक्षकहरु जिम्मेवारीका साथ लाग्न निर्देशन दिनु भएको थियो भने कार्यक्रमको सहजीकरण शिक्षा शाखा राजपुरका प्राविधिक सहायक कामना चौधरीले गर्नु भएको थियो ।

# सबै सरकारी कार्यालय तथा विद्यालयहरुमा गुनासो पेटिका

❖ श्रवण कुमार यादव



राजपुर । राजपुर गाउँपालिकाका सरकारी कार्यालयमा सुझाव तथा गुनासो संकलन गर्नका लागी पालिकाले 'राजपुर गाउँपालिका गुनासो पेटिका' राखेको छ ।

राजपुर गाउँपालिकाले गरेको काम सम्बन्धि सुझाव र गुनासो संकलनका लागि ७ वटै वडा कार्यालय देखि लिएर पालिका भरिका सबै विद्यालय लगायत सरकारी निकायहरुमा गुनासो पेटिका राखिएको राजपुर गाउँपालिका अध्यक्ष शरद कुमार बुढाथोकीले बताएका हुन्।

राजपुर पालिकाका बासीहरुको समस्याहरू के-के हुन्। प्रत्यक्ष सम्बन्ध तथा पहुँच नभएका सर्वसाधारणलाई पालिकासँग सम्बन्धित गुनासो, समस्या, सुझाव सजिलो तरिकाले राख्नका लागि व्यवस्थापन गरिएको बताउँछन्।

यस्तै विद्यालय तर्फ शिक्षक प्रतिनिधी, अभिभावक तथा बालबालिकाका गुनासा सुनुवाइ गरी सबै बालबालिकाको विद्यालयमा सहभागिता बढाउन र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न यस्तो व्यवस्था गरिएको अध्यक्ष बुढाथोकीले बताउँछन्। सबै विद्यालयले विद्यार्थीलाई गुनासो राख्ने मौका दिने, विद्यार्थीका राम्रा विचारलाई सम्मान गर्न, निर्णयमा सहभागी गराउन, सहज स्थानमा गुनासो पेटिकाहरु राख्ने, गोप्य गुनासाहरु गुनासो पेटिकामा राख्न उत्प्रेरित गर्न आग्रह गरिएको अध्यक्ष बुढाथोकीको भनाइ छ। शिक्षा क्षेत्र पहिलो प्राथमिकतामा राखेर काम गरीरहेको बताउँछन्। अध्यक्ष बुढाथोकीका अनुसार गुनासो पेटिका निश्चित दिनमा महिनामा एक पटक खोल्ने र परेका गुनासाहरु गुनासो रजिष्टरमा उतार्ने, गुनासो समाधानको लागि व्यवस्था मिलाई गुनसो अनुसार काम गर्ने भनिएको छ।

**बाल प्रतिभा स्तम्भका लागि अनुरोध**

भाइबहिनीहरु, तपाईंहरुले चित्र बनाउँदा सेतो कागज (ह्वाइट पेपर) वा ड्रइङ पेपरमा बनाउनु होला। धर्सा भएको कापीमा बनाएको तस्बिर छाप्न योग्य हुँदैन।

चित्रको तल सानो अक्षरमा आफ्नो नाम, उमेर, कक्षा र विद्यालयको नाम लेख्न नभुल्नुहोला।



गजल

## आमा

**नारायण ओली**

मलाई सम्झेर आज त भात लगायौ रे आमा।
कहाँ गयौ ? खान आउ साँझ डगायौ रे आमा।

साह्रै सम्झेकी थियौ रे सुसेली हाल्दै मलाई नै,
रुँदा रुँदै आँखामा आँसु खास बगायौ रे आमा।

मेरो बाटो कुर्दा कुर्दै आत्तिएजस्तो लाग्छ आज,
साँझमा मेरो झल्को मुटुमा बास बसायौ रे आमा।

आमाले घर आउ भनी बार-बार बोलायौ मलाई,
आज छोराको मुख देख्ने आस खसायौ रे आमा।

खट्दै थिएँ अझै प्रदेशी बनी आज फाँसी चढाए,
छोरा भन्दै निर्जीव मुर्दा लास समायौ रे आमा।

मुक्तक

## सिंहदरबार

**निर्मल खड्का निर्जल**

खै कहिले गाउँ गाउँमा सिंहदरबार आउँछ
बिरामी मरिसकेपछि स्टेचर उपहार आउँछ।

आशा नमार्नुहोस् पीडित जनता अझै पनि
फेरि पाँच बर्षपछि नेताबाट नमस्कार आउँछ।

गजल

## मनले जोडेको नाता

**चित्रा बस्नेत**

मनले जोडेको नातामा रहर देखिने रै'छ
बाध्यात्मक त्यो बन्धनमा कहर देखिने रै'छ।

मिलेर दुई मन मुटु बस्ने सुन्दर संसार
झुपडी पनि त आलिसान घर देखिने रै'छ।

तर्दा दु:खका भेलहरु जोडेर हातहरुलाई
जङ्गार पनि त साथी नहर देखिने रै'छ।

पलपल चिन्तित भइदिने उनकै बिषयमा नै
प्रेममय जिन्दगी हर प्रहर देखिने रै'छ।

नमिल्दा दुई मन मुटु यी रेटेर हृदयलाई
अमृत दिदा नि साँच्चै त्यो जहर देखिने रै'छ।

*दाङ*

## काल्पनिक

**प्रदीप खड्का**

जिन्दगीमा कहिलेकाहीँ मर्न मन लाग्छ
आज आफूले आफैलाई हर्न मन लाग्छ।

सुन्दरता यो भित्र कसैको आँखा लाग्यो
गिद्दे यो नजर देखि डर्न मन लाग्छ।

जहाँ छ रङ्गीन संसार मेरो ठूलो चाहना
सुसेलेर त्यो छाँगाबाट झर्न मन लाग्छ।

काँगुनी त्यो छरेर जाल फिंजाएका हुन्छन्
नर्कमा भन्दा स्वर्गमा चर्न मन लाग्छ।

जिन्दगीमा कहिलेकाहीँ मर्न मन लाग्छ
आज आफूले आफैलाई हर्न मन लाग्छ।

*दाङ हाल : पोर्तुगल*

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय .......... बमोजिम हुनेछ।

क)प्रदेश कानून	ख)सङ्घीय कानून	ग) स्थानीय कानून	घ) प्रदेश र स्थानीय कानून

२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि नियमावली, २०७७ अनुसार निरक्षर नागरिकलाई साक्षर बनाउन कस्तो शिक्षा सञ्चालन गर्ने व्यवस्था छ?

क)प्रौढ शिक्षा	ख) अनौपचारिक शिक्षा	ग) साक्षरता कार्यक्रम	घ) अनौपचारिक शिक्षा

३. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को अध्यक्ष को हुने व्यवस्था छ?

क)शिक्षामन्त्री वा राज्यमन्त्री	ख) कार्यकारी निर्देशक, पा.वि.के.	ग) मन्त्रालयको सचिव	घ) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने)

४. राष्ट्रिय शिक्षा निति,२०७६ अनुसार विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग सम्बन्धी निति, मापदन्ड, स्वीकृति र नियमन गर्ने जिम्मेवारी कसको हो?

क) स्थानीय सरकार	ख) सघींय सरकार	ग) प्रदेश सलकार	घ) माथिका सबै

५. हाल नेपालमा खुला निम्नमाध्यमिक विद्यालयहरु कतिवटा रहेका छन्?

क)३३ वटा	ख) ४३ वटा	ग) ३७ वटा	घ) ५३ वटा

६. शिक्षा मनोविज्ञान शिक्षाको विज्ञान हो? यो भनाइ कस्को हो?

क)जुड	ख) स्टेफेन	ग) ई.ए.पेल	घ) वि.एफ. स्किनर

१५. कुनै पनि कार्यक्रमको लक्ष्य, उद्धेश्य वा उपलब्धि पुरा भयो या भएन भनी जाँचबुझ, छानबिन, लेखाजोखा गर्ने प्रक्रियालाई के भनिन्छ?

क)मूल्याङ्कन	ख) मापन	ग) पृष्ठपोषण	घ) परीक्षा

१६. मूल्याङ्कनको श्रंखलाअनुसार तलबाट माथितिर मिल्ने क्रम कुन हो?

क) Evaluation, test, Measurement and Assessment

ख) Measurement, Test, Evaluation and Assessment

ग) Assessment, Test, Measurement and Evaluation

घ) Test, Measurement, Assessment and Evaluation

१७. विद्यार्थीलाई कुनै कक्षा वा विषयमा अध्ययन गर्नका लागि प्रवेश दिन अगाडी त्यस विषयप्रति उनीहरुको रुचि, अभिवृत्ति, ज्ञान, सिप कास्तो छ भनी पत्ता लगाउने मूल्याङ्कनलाई के भनिन्छ?

क) स्थान निर्धारण	ख) निर्माणात्मक	ग) निर्णयात्मक	घ) उपचारात्मक

१८. विद्यार्थीको शिक्षण सिकाइ सम्बन्धी कमीकमजोरी पत्ता लगाइ सुधार गर्ने तथा विद्यार्थीको सिकाइमा सुधार गर्ने मूल्याङ्कन ............ हो?

क) स्थान निर्धारण	ख) निर्माणात्मक	ग) निर्णयात्मक	घ) उपचारात्मक

१९. निर्णययात्मक मूल्याङ्कनमा बारम्बार प्रयोग हुने साधन कुन हो?

क)परीक्षा	ख) शिक्षक अवलोकन	ग) दैनिक कार्य	घ) मौखिक परीक्षा

२०. घटना अध्ययन सम्बन्धी सही भनाइ कुनहो?

क) घटना अध्ययन सकारात्मक र नकारात्मक पक्षको गरिन्छ।

ख) घटना अध्ययन व्याक्तिको मात्र गरिन्छ।

ग) घटना अध्ययनका प्राप्त निष्कर्षबाट समस्याको समाधान निश्चित हुन्छ।

घ) घटना अध्ययन सूक्ष्म तरिकाले नभई सामान्य तरिकाले गरिन्छ।

# शिक्षामा प्रविधिको प्रयोग

सूचना र सञ्चार प्रविधिमा भएको तीव्र विकासले गर्दा अहिलेको आधुनिक विश्व नै एक गाउँमा रूपान्तरण भएको छ । दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहँदै आएको छ । विश्वव्यापी रूपमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले सामाजिक अन्तरक्रिया तथा सेवा प्रवाहलगायतका सार्वजनिक महŒवका विषय सहज र सरल भएका छन् । यो प्रविधिको प्रयोगले विकासका अन्य पूर्वाधार व्यवस्थापनमा समेत सहजता
ल्याएको छ ।

प्रविधिको प्रयोगले खासगरी शिक्षण सिकाइमा आमूल परिवर्तन ल्याइ बृहत्तर राष्ट्रिय लक्ष्य हासिल गर्न प्रभावकारी सिद्ध भएको छ । वर्तमान परिवर्तित सन्दर्भमा विश्वका हरेक मुलुकले आफूलाई सूचना तथा सञ्चारको क्षेत्रमा अझ परिष्कृत बनाउने चाहना राखु स्वभाविकै हो । विश्व बजारको माग तथा बढ्दो जनचाहनाअनुसार जानका लागि सूचना तथा सञ्चारको सञ्जालमा प्रवेश गरी सो क्रममा आउने विविध चुनौतिलाई सामना गर्दै आफूलाई अद्यावधिक गर्दै जानुपर्ने अहिलेको टड्कारो आवश्यकता महसुस गरिएको विषय नै सूचना तथा सञ्चार प्रविधि बनेको छ।

२१औं शताब्दीको जीवनयात्रा र जीवनपद्धतिसँग समायोजन हुन प्रत्येक मुलुकले आफ्नो शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई भित्र्याएका छन् । प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ, शिक्षकको क्षमता विकास र विद्यालयको व्यवस्थापन प्रक्रियालाई सहज र प्रभावकारी बनाएको छ । रेडियो, टेलिभिजन, इमेल, इन्टरनेट, डिजिटल क्यामेराजस्ता सूचना सञ्चार प्रविधिका उपकरण शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त एवं प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ । सूचना प्रविधिमा चित्र, रङ र ध्वनिको सम्मिश्रण हुने हुनाले प्रभावकारी शिक्षा प्रदान गर्न सम्भव हुन्छ ।

विद्यालय र माथिल्लो तहको शिक्षाको प्रभावकारिताका लागि आवश्यक शैक्षिक सामग्री जस्तैः सफ्टवेयर, ई–बुक्स, भिडियो, अडियोजस्ता शिक्षण सामग्री तयार पारी प्रभावकारी रूपमा शिक्षण सिकाइमा प्रयोग गर्न सकिन्छ । विश्वभर शिक्षा क्षेत्रमा सूचना र सञ्चारक्षेत्र शिक्षाको विस्तार गर्ने, परिमार्जन गर्ने, नयाँपन दिने र प्रतिस्पर्धी बनाउन सहयोग गर्ने साधनका रूपमा प्रमाणित भइसकेको छ ।

प्रविधि प्रयोगको यस्तो अवस्था भएर पनि नेपालमा सूचना तथा सञ्चारको व्यवस्थित प्रयोग र यसको उच्चतम प्रतिफल लिन नसकिएको अवस्था विद्यमान छ । सीमित मात्रामा विद्यालय शिक्षा र उच्च शिक्षामा यससँग सम्बन्धित पाठ्यक्रम कार्यान्वयन हुँदै आएका छन् । जसले गर्दा शैक्षिक संस्था एवं शिक्षकले अत्यधिक रूपमा प्रविधिको प्रयोगमार्फत आफ्ना पठनपाठनका कार्य गर्नुपर्ने बाध्यता सिर्जना भएको छ ।

विभिन्न आकासे प्रविधिका कारण परम्परागत प्राविधिक उपकरण विस्थापित हुने र दुरत गतिमा चल्ने इन्टरनेटको सेवा प्रचलनमा आउनसक्ने अनुमान गर्न

सकिन्छ । हरेक शैक्षिक संस्थामा दुरत गतिमा चल्ने इन्टरनेट र प्रत्येक विद्यार्थीका हातमा अत्यधिक नयाँ उपकरण जस्तै आइप्याड, मोबाइल, ल्यापटपजस्ता सामग्रीबाट शिक्षण सिकाइमा आमूल परिवर्तन ल्याउन सक्ने अनुमान गरिएको छ । इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँजस्तो र प्रत्येक विद्यार्थी र शिक्षकलाई एक आपसमा जोड्ने कार्य गरेको छ । विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानगुनका विषय सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रिया पनि तुरुन्तै प्रदान गर्न सकिनेछ । यसका कारण शैक्षिक संस्थामा निकै ठूलो आर्थिक भार त पर्ने नै छ यसका अतिरिक्त शिक्षकले पनि आफूलाई प्रविधिमैत्री बनाउँदै लानुपर्नेछ । विकसित मुलुकका शैक्षिक संस्थाका कक्षाकोठा पूर्णरूपमा परिवर्तन हुनेछन् र कागजविहीन कक्षाकोठाको परिकल्पनाले भविष्यमा साकार रूप लिने अपेक्षा गर्न सकिन्छ । शिक्षकले आफूलाई पायक पर्ने कुनै पनि ठाउँबाट पढाउन सक्ने र विद्यार्थीले पनि आफूले चाहेको स्थानबाट शिक्षा ग्रहण गर्न सक्नेछन्। त्यसैगरी आफ्ना विद्यार्थीलाई आवश्यक पाठ्यसामग्री कुनै पनि बेला उनीहरूले डाउनलोड गर्न सक्नेछन् । ती पाठ्य सामग्रीमा चित्र, नक्सा, अडियो, भिडियो तथा अन्तरक्रियात्मक सामग्री हुन सक्नेछन् । जुन विद्यार्थीले आफ्ना मोबाइल ल्यापटप आदिमार्फत सहजै प्रयोग गर्न सक्नेछन् । यो विधि शिक्षक केन्द्रितभन्दा प्रविधि केन्द्रित हुनेछ, जसले विद्यार्थीलाई आफैं सिक्न प्रोत्साहन गर्नेछ । प्रविधि प्रयोगको यो अवस्थाले शिक्षकको परम्परागत भूमिकामा परिवर्तनको अपेक्षा गर्न सकिन्छ । विद्यार्थीले आवश्यकताअनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् जसले गर्दा उनीहरूलाई बढी सामाजिकीकरण हुन सघाउनेछ ।यस अवस्थामा शिक्षक र विद्यार्थीको प्रत्यक्ष भेटघाटको आवश्यकता पनि पर्दैन । विकसित राष्ट्रमा यस्तो प्रविधिको प्रयोग भइसकेको र यसबाट धेरै फाइदा पनि प्राप्त भएका उदाहरण छन् । आजको युग सूचना र सञ्चार प्रविधिको युग हो ।

युगानुकूल प्रविधिको विकास तथा उपयोग गर्ने मुलुकको शैक्षिक, आर्थिक, सामाजिकलगायत विभिन्न क्षेत्रमा भएको प्रगति र उन्नति तथा प्रविधिमा पछाडि रहेका र कम पहुँच हुने मुलुकबीच ठूलो खाडल रहेको वर्तमान सन्दर्भमा नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोगमा देखिएको असमानता कम गर्दै प्रविधि प्रयोगको भविष्यलाई थप आशावादी बनाउनुपर्ने देखिन्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच अन्योन्याश्रित सम्बन्ध छ ।


शिक्षामा आईसीटीको प्रयोगबाट शैक्षिक अवसर विस्तारका साथै शैक्षिक गुणस्तर सुनिश्चित गर्ने, सिकाइलाई प्रभावकारी र दिगो बनाउनु तथा नवीनतम ज्ञानको संसारमा सहज प्रवेश गराउन सक्ने विषय प्रमाणित भइसकेको छ । यसका साथै प्रविधिको प्रयोगले शैक्षिक व्यवस्थापनमा प्रभावकारिता ल्याउन मूल्यांकन प्रणालीमा सुधार गर्ने, शैक्षिक सुशासनको प्रत्याभूति गर्नुका साथै शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग अनिवार्य जस्तै भएको छ । त्यस्तै विद्यालय क्षेत्र सुधार कार्यक्रममा भएको व्यवस्था एवं राष्ट्रिय


पाठ्यक्रम प्रारूपमा भएको व्यवस्थाले पनि आईसीटी प्रयोगको सान्दर्भिकतालाई थप पुष्टि गरेको छ ।

आव २०७५-७६ को बजेट वक्तव्यमा सूचना प्रविधिमैत्री शिक्षामार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामीण दूर सञ्चार कोषको समेत उपयोग गरी सबै सामुदायिक विद्यालयमा उच्च गतिको निःशुल्क इन्टरनेट सेवा पुर्‍याइनेछ भन्ने व्यवस्थाले पनि शिक्षामा प्रविधि प्रयोगको भविष्यलाई सुनिश्चित गरेको छ । शिक्षण सिकाइका क्षेत्रमा दिनानुदिन अत्याधुनिक अवधारणा र सिद्धान्त प्रयोगमा आइरहेका छन् ।

अतः विश्व बजारमा फैलिएका अवसरलाई आत्मसात गर्न नसक्ने शैक्षिक उत्पादन शैक्षिक बेरोजगारमा परिणत हुन सक्छन् । यही अवस्थाले गर्दा शिक्षण सिकाइको क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि प्रयोगको भविष्यलाई सुनिश्चित गर्दै वर्तमान नेपालको विद्यालय तहदेखि उच्च तहसम्म सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढाउनुपर्ने देखिन्छ ।

लेखक म्याङ्लुङ क्याम्पसका अध्यापक हुन् ।



# Rajpur Rural Municipality
## Office of Rural Municipal Executive
***Gangdi, Dang***
Lumbini Province, Nepal

# Invitation for Bid

**Contract ID:** *01/RRM/DANG/NCB/G-080/81*
**Date of first Publication :** *Mangsir 19,2080 (Dec5, 2023)*

1. The Rajpur Rural Municipality invites electronic bids from registered Suppliers for the supply and delivery of steel parts and fixtures for Patauli naka suspension bridge with estimated amount of NRs.32,76,562.61 without VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's e-GP i.e *www.bopatra.gov.np/egp*. For Bidding, scanned copies of firm registration certificate,VAT and pan registration certificate, tax clearance certificate for F/Y 2079/80, Power of attorney, self declaration letter and voucher for payment of non-refundable document cost, should be attached electronically. Bidders should deposit the cost of bidding document in the following account

| | |
|---|---|
| Name of the Bank | : NIC Asia |
| Name of Office | : Rajpur Rural Municipality |
| Office Account no. | : 2212050028959002 |
| Rajaswa (revenue) Shirshak no. | : Ga.1.1 Antarik Rajashwa Khata |

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 4 Jan 2024 (Poush 19,2080) at the office of Rajpur Rural Municipality, Gangdi, Dang. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 1,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.51CA051000452401, Acc,name Ga.3.1sthanya dharauti khata at NIC Asia bank,Jangrahwa branch and submit the receipt of the deposited amount of cash along with the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

राजपुर गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पशुपन्छी तथा मत्स्य विकास शाखा

गंगदी देउखुरी,दाङ

लुम्बिनी प्रदेश, नेपाल ।

मिति :२०८०/०९/०६

सूचना । सूचना ॥ सूचना ॥।

(सुचना प्रकाशन मिती: २०८० /०९/०६)

राजपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाद्धारा पशुवस्तुहरुमा नश्ल सुधारका लागी कृत्रिम गर्भाधान सेवा संचालनमा ल्याएको हुदा सर्म्पुण राजपुर गाँउपालीकाका किसानहरुमा यो सुचना प्रकाशन गरिएको व्यहोरा जानकारीका लागी अनुरोध गर्दछौं । थप जानकारीका लागी तपशिल बमोजिमका सर्म्पक व्यक्तिलाई सर्म्पक गर्नहुन पनि अनुरोध गरिन्छ।

तपसिल व्यक्तिहरु :

१. बालकृष्ण थापा मगर - ९७४५६४४०४४
२. शेर ब. बस्नेत -९८६६७४०४२७
३.प्रकाश के.सि.- ९८४८०५६९६८
४.सत्य नारायण यादव (कृत्रिम गर्भधान गर्ने व्यक्ति)-९८१०९०७३४३

दिपक नेपाली
अधिकृत छैठौ
(पशुपन्छी तथा मत्स्य विकास शाखा)

राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

# उपभोक्ता तथा व्यापारी वर्गमा राजपुर गाउँपालिका, दाङको अपिल !

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

राजपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ, लुम्बिनी प्रदेश, नेपाल